**बैठक नं. १९**

आज मिति २०७९।०२।१६ गतेका दिन गुल्मीदरबार गाउँपालिकाका अध्यक्ष श्री सरोजकुमार थापाज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णयको लागि गाउँ कार्यपालिकाको बैठक सम्पन्न भयो ।

समय : अपरान्ह १ बजे

स्थान : गाउँपालिकाको सभाहल

**उपस्थिति**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री सरोजकुमार थापा | |
| २ | उपाध्यक्ष | श्री तारा थापा ढेंगा | |
| ३ | सदस्य | श्री राजेन्द्र[redacted] कंडेल | |
| ४ | सदस्य | श्री विष्णुप्रसाद गौतम | |
| ५ | सदस्य | श्री रामबहादुर थापा | |
| ६ | सदस्य | श्री देवीराम पोख्रेल | |
| ७ | सदस्य | श्री गुणानिधी पौडेल | |
| ८ | सदस्य | श्री मुकेश थापा | |
| ९ | सदस्य | श्री शालिकराम टण्डन | |
| १० | सदस्य | श्री दिलकुमारी खत्री | |
| ११ | सदस्य | श्री कुमारी दनुवार पुवारे | |
| १२ | सदस्य | श्री सनुदेवी कार्की | |
| १३ | सदस्य | श्री गंगा अर्याल | |
| १४ | सदस्य | श्री इश्वरी परियार | |
| १५ | सदस्य | श्री विष्णुमाया बोटे | |
| १६ | सचिव | श्री लक्ष्मण पाण्डे | |

| बैठक संचालन सहयोगी |
|---|
| १. |
| २. |

## मिति २०७९।०२।१६ गतेको कार्यपालिका बैठकको प्रस्तावहरु

१. यस भन्दा अगाडिको बैठकका निर्णयहरुको समीक्षा

२. गुल्मीदरवार गाउँपालिकाका नागरिकहरुलाई धन्यवाद ज्ञापन सम्बन्धमा

३. जनप्रतिनिधिहरुले आफ्नो प्रतिवद्धता व्यक्त गर्ने सम्बन्धमा

४. गाउँपालिकाको प्रशासकीय भवनको IEE को बाँकी काम सम्पन्न गरी DPR गर्ने सम्बन्धमा

५. गुल्मीदरबार गाउँपालिकाका स्वास्थ्य संस्थाहरुबाट रिफर भएका प्रसुती हुने महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने सम्बन्धमा

६. विपन्न नागरिकको लागि आर्थिक सहायता रकममा रकमान्तर गर्ने सम्बन्धमा

७. विपद् सामाग्रीहरु खरिद सम्बन्धमा (त्रिपाल, जस्तापाता लगायत अन्य)

८. कार्यपालिकाको बैठक कक्ष निर्माण सम्बन्धमा

९. वडा नं. ३ को पिपलनेटाको सडक मर्मत संभार सम्बन्धमा

१०. सडक मर्मतको लागि लेन्थ वर्कर राख्ने सम्बन्धमा

११. आर्थिक सहायता रकम उपलब्ध गराउने सम्बन्धमा

१२. कृषि तथा पशुउद्यम परियोजनाको रकम भुक्तानी सम्बन्धमा

१३. कार्यालयको गतिविधिहरुबारे छलफल तथा जानकारी

१४. अन्य विविध विषय

## मिति २०७९।०२।१६ गतेको १९ औं कार्यपालिकाको बैठकको निर्णयहरु

१. यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

२. २०७९ वैशाख ३० गते सम्पन्न भएको स्थानीय तह सदस्य निर्वाचन भयरहित विश्वसनीय र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सहयोग गर्ने राजनीतिक दल, नागरिक समाज, प्रमुख जिल्ला अधिकारी लगायत सम्पूर्ण सुरक्षाकर्मी, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचनमा संलग्न सम्पूर्ण कर्मचारीहरु, सन्चारकर्मी तथा आफ्नो अमूल्य मत दिई विजयी गराउनु हुने सम्पूर्ण मतदाताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने ।

३. गुल्मीदरबार गाउँ कार्यपालिकाका सदस्यहरुले आफ्नो पदिय हैसियतमा रहँदा पालना गर्नु पर्ने तथा ध्यानिदनु पर्ने विषयमा प्रतिवद्धता व्यक्त गर्ने ।

४. गुल्मीदरबार गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को TOR संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत भए अनुसार IEE प्रतिवेदनको बाँकी कार्य सम्पन्न गरी भवनको DPR गर्ने प्रकृया अगाडी बढाउँदै भवन निर्माणको बाँकी कार्यहरु गर्ने ।

५. गुल्मीदरबार गाउँपालिकाका नागरिकहरुलाई सुरक्षित प्रसुती सेवा उपलब्ध गराउन गाउँपालिकाका स्वास्थ्य संस्थाहरुबाट प्रसुती सेवाको लिने क्रममा रिफर गर्नुपर्ने अवस्था आएमा थप उपचारको लागि सम्बन्धित स्थानमा जान गाउँपालिकाबाट निशुल्क एम्बुलेन्स उपलब्ध गराउने ।

६. गुल्मीदरबार गाउँपालिकाका असाहय,अशक्त, आर्थिक रुपमा विपन्न भई उपचार गर्न समस्या भएका विपन्न नागरिकको लागि गाउँपालिकाबाट राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराउनको लागि अन्य सहायता शिर्षकमा नपुग हुने रकम अध्ययन अवलोकन भ्रमण शिर्षकमा रहेको रकमबाट रु. ८ लाख रकम रकमान्तर गर्ने ।

(१/२)

CamScanner

७. नजिकिदै आइरहेको मनसुनबाट हुन सक्ने संभावित क्षतिलाई न्यूनीकरण गर्न तथा पूर्व तयारी अवस्थामा रहनको लागि विपद् सामग्रीहरु त्रिपाल,जस्तापाता, पाइप लगायतका सामग्रीहरु खरिद गरी जोहो गर्ने ।

८. गुल्मीदरबार गाउँपालिकाको कार्यपालिकाको बैठकलाई व्यवस्थित र मर्यादित रुपमा संचालन गर्नको लागि गाउँपालिकाको सभाहलसँगै रहेको कोठामा सुविधा सम्पन्न कार्यपालिका बैठक कक्ष निर्माण गर्ने ।

९. गाउँपालिकाको वडा नं. ३ को पिपलनेटाको पुरानो ठाडो गोरेटो बाटो भलले क्षती बनाई सडक तथा त्यसआसपासको बस्तीलाई समेत जोखीम बनाएको हुँदा उक्त सडकलाई मर्मत संभार गरी व्यवस्थित गर्ने ।

१०. गाउँपालिका तथा वडा कार्यालयहरुमा नागरिकको सहज यातायात पहुँचको लागि मुख्य सडकहरुमा वर्षातको कारणबाट सामान्य रुपमा क्षती भएका सडकका पहिरो, खाल्डाखुल्टीहरु,नाली लगायत सडक मर्मत संभारको लागि प्रत्येक वडामा ३/३ जनाका दरले आर्थिक रुपमा विपन्न भएका, घर परिवारका सदस्यहरुले हालसम्म कुनै पनि रोजगार नपाएका नागरिकहरु मध्येबाट सडक लेन्थ वर्करहरु राख्ने ।

११. गुल्मीदरबार गाउँपालिका वडा नं. ३ का २०७४ सालको स्थानीय निर्वाचनमा निर्वाचित वर्ष ७५ का वडाध्यक्ष क्या. बल बहादुर थापा कार्यालयमा कार्यरत रहेको अवस्थामा अकस्मात विरामी भई अप्रेसन गरी उपचार गर्दा गाउँपालिकाबाट राहत स्वरुप रु. ५० हजार रकम आर्थिक सहायता उपलब्ध गराउने साथै गुल्मीदरबार गाउँपालिका वडा नं. ४ बन्द्रखुट्टा निवासी वर्ष ४० मन्जु कार्कीको मानसिक अवस्थामा गम्भिर समस्या भएकोले सम्बन्धित निकायमा पुनर्स्थापनाको लागि सिफारिस गरि उपचारको लागि रु. २० हजार आर्थिक सहायता रकम उपलब्ध गराउने ।

१२. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २५ बमोजिम गुल्मीदरबार गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको लागत साझेदारीमा संचालन भएको "गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना" का विभिन्न कृयाकलापहरु संचालनको लागि सम्झौता बमोजिम गाउँसभाबाट विनियोजित रकम सम्झौता अनुसार हेपर प्रोजेक्ट नेपाललाई प्रगती प्रतिवेदनको आधारमा हाललाई रु. ४० लाख रकम निकासा गर्ने ।

१३. गाउँ कार्यपालिकाको कार्यालयबाट हालसम्म संचालन भएका विभिन्न कृयाकलाप तथा कार्यक्रमहरुको बारेमा कार्यपालिका सचिव तथा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेबाट बैठकमा जानकारी भई छलफल तथा समीक्षा गरियो ।

१४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय गुल्मी लगायत विभिन्न निकायबाट प्राप्त परिपत्रहरु बैठकमा प्रस्तुत भई छलफल गरियो, परिपत्र अनुसार कार्य गर्ने गराउने ।